# चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिको प्रस्तुतीकरण एवम् अन्तरवार्ता सम्बन्धी सूचना

चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि नाम सिफारिस गर्न गठित सिफारिस समितिद्वारा मिति २०७६।०४।०१ मा गोरखापत्र दैनिक समेतमा प्रकाशित सूचना बमोजिम चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष पदका लागि दरखास्त पेश गर्ने आवेदकहरूले पेश गरेको दरखास्त तथा संलग्न कागजातहरू अध्ययन गर्दा प्रा.डा. प्रमोद कुमार सर्राफ र प्रा.डा. जे.एन. पाण्डेय हिमालीले सूचनामा उल्लिखित चिकित्सा शिक्षा आयोगसँग कुनै किसिमको स्वार्थको टकराव (Conflict of Interest) नभएको लगायतका स्वयम् घोषणाहरू गरेको नदेखिएकोले "चिकित्सा शिक्षा आयोगको उपाध्यक्षका लागि सिफारिस गर्न गठित सिफारिस समितिको बैठक र छनौट सम्बन्धी कार्यविधी, २०७६" को दफा ७ बमोजिम निजहरूको आवेदन रद्द गरिएको र बाँकी उमेदवारहरूको आवेदन स्वीकृत गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । आवेदन स्वीकृत भएका उमेदवारहरूको प्रस्तुतीकरण तथा अन्तरवार्ता देहायको मिति र समयमा हुने भएकाले सो कार्यक्रममा आउँदा आवेदन साथ संलग्न सबै कागजातहरूका सक्कलै प्रति, चिकित्सा शिक्षा आयोगको उपाध्यक्ष भएपछि आयोगको नेतृत्व गर्ने र नेतृत्वदायी भूमिका बहन गर्ने सम्बन्धी सोचपत्र (Vision Paper) तथा ४ वर्षे व्यावसायिक कार्ययोजना (Professional Work Plan) को प्रस्तुतीकरण एवम् अन्तर्वार्ताका लागि PowerPoint Presentation Slide (electronic copy) समेत लिई तोकिएको समय भन्दा कम्तिमा १ (एक) घण्टा अगावै लोक सेवा आयोग, अनामनगरमा उपस्थित हुनुहुन सूचित गरिएको छ ।

प्रस्तुतीकरण तथा अन्तर्वार्ता कार्यक्रमः

| क्र.सं. | उम्मेदवारहरुको नाम थर | मिति | समय |
|---|---|---|---|
| १. | प्रा. डा. पारश कुमार पोखरेल | २०७६।०४।२६ गते | बिहान ११:०० बजे |
| २. | प्रा. डा. निलमणी उपाध्याय | | |
| ३. | प्रा. डा. तरुण पौडेल | | |
| ४. | प्रा. डा. यहुनचन्द्र सिवाकोटी | | |
| ५. | प्रा. डा. रमेशप्रसाद सिंह | | |
| ६. | प्रा. डा. राजेन्द्रप्रसाद साह | २०७६।०४।२७ गते | बिहान ११:०० बजे |
| ७. | प्रा. डा. सुरेन्द्र शेरचन | | |
| ८. | प्रा. डा. शम्भु कुमार पहारी | | |
| ९. | प्रा. डा. श्रीकृष्ण गिरी | | |

यो सूचना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वेवसाइट *www.moe.gov.np* मा समेत हेर्न सकिनेछ ।